कर्मचारी सञ्चय कोष,
सञ्चयकर्ता सापटी प्रवाह विनियमावली, २०८०

सञ्चालक समितिबाट स्वीकृत भई लागू भएको
(परिपत्र नं. ११२७, मिति २०८०/१२/०८)

संशोधन

१. कर्मचारी सञ्चय कोष, सञ्चयकर्ता सापटी प्रवाह (पहिलो संशोधन) विनियमावली, २०८१ - मिति २०८१/०१/१३
(सञ्चालक समितिको निर्णयबाट, परिपत्र नं. ११२९)

२. कर्मचारी सञ्चय कोष, सञ्चयकर्ता सापटी प्रवाह (दोस्रो संशोधन) विनियमावली, २०८१ - मिति २०८१/१२/२१
(सञ्चालक समितिको निर्णयबाट, परिपत्र नं. ११४८)

३. अनुसूचीमा संशोधन - प्रशासकस्तरीय निर्णयबाट (परिपत्र नं. ११५२) - मिति २०८१/१२/२९

४. अनुसूचीमा संशोधन - प्रशासकस्तरीय निर्णयबाट (परिपत्र नं. ११५६) - मिति २०८२/०२/१३

५. अनुसूचीमा संशोधन - प्रशासकस्तरीय निर्णयबाट (परिपत्र नं. ११५८) - मिति २०८२/०३/०१

६. अनुसूचीमा संशोधन - प्रशासकस्तरीय निर्णयबाट (परिपत्र नं. ११६५) - मिति २०८२/०८/०७

७. कर्मचारी सञ्चय कोष, सञ्चयकर्ता सापटी प्रवाह (सातौँ संशोधन) विनियमावली, २०८२ - मिति २०८२/०९/२२
(सञ्चालक समितिको निर्णयबाट, परिपत्र नं. ११७२)

८. अनुसूचीमा संशोधन - प्रशासकस्तरीय निर्णयबाट (परिपत्र नं. ११७६) - मिति २०८२/१०/२५

९. अनुसूचीमा संशोधन - प्रशासकस्तरीय निर्णयबाट (परिपत्र नं. ११८४) - मिति २०८२/१२/०२

१०. अनुसूचीमा संशोधन - प्रशासकस्तरीय निर्णयबाट (परिपत्र नं. ११८८) - मिति २०८३/०१/०८

११. अनुसूचीमा संशोधन - प्रशासकस्तरीय निर्णयबाट (परिपत्र नं. ११९७) - मिति २०८३/०४/०५

१२. अनुसूचीमा संशोधन - प्रशासकस्तरीय निर्णयबाट (परिपत्र नं. १२०९) - मिति २०८३/०६/०५

कर्मचारी सञ्चय कोष ऐन (संशोधन सहित), २०१९ को दफा १९ को (न) अनुरुप सञ्चयकर्तालाई सरल, स्पष्ट र ब्यवस्थित ढंगले सापटी प्रवाह गर्न वाञ्छनीय भएकोले कर्मचारी सञ्चय कोषको सञ्चालक समितिले कर्मचारी सञ्चय कोष ऐन, २०१९ को दफा ३०क. ले दिएको अधिकार प्रयोग गरी देहायका विनियमहरू बनाएको छ।

परिच्छेद – एक
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यो विनियमावलीको नाम "कर्मचारी सञ्चय कोष, सञ्चयकर्ता सापटी प्रवाह विनियमावली, २०८०" रहेको छ।

(२) यो विनियमावली सञ्चालक समितिबाट स्वीकृत भई परिपत्र भएको मितिबाट लागू हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियमावलीमाः

(क) "ऋणी" भन्नाले ऐनको दफा १९ को (न) अनुरुप यस विनियमावली बमोजिम विशेष सापटी, जग्गा खरिद सापटी, घर सापटी, घर मर्मत सापटी, शैक्षिक सापटी, सरल सापटी लगायतका सञ्चयकर्ता सापटी लिएको सञ्चयकर्तालाई सम्झनु पर्छ। सो शब्दले निवेदक र जमानत दिने व्यक्तिसमेतलाई जनाउनेछ।

(ख) "ऐन" भन्नाले कर्मचारी सञ्चय कोष ऐन, २०१९ सम्झनुपर्छ।

[१] (ख१) "कार्यालय प्रमुख" भन्नाले विभागको हकमा विभागिय प्रमुख, शाखा कार्यालयको हकमा शाखा कार्यालयको प्रमुख तथा सेवा केन्द्रको हकमा सेवा केन्द्रको प्रमुखलाई समेत सम्झनुपर्छ।

(ग) "कोष" भन्नाले कर्मचारी सञ्चय कोष ऐन, २०१९ बमोजिम स्थापित कर्मचारी सञ्चय कोष सम्झनुपर्छ।

[१] सातौँ संशोधनद्वारा थप।

(घ) "किस्ता" भन्नाले सापटी सम्झौतामा तोकिएको अवधि भित्र साँवा चुक्ता गर्ने गरी यस विनियमावली बमोजिम लिएको सापटीको प्रचलित व्याजदरले हुने त्रैमासिक व्याजको किस्ता रकमलाई सम्झनुपर्छ।

[φ] (ङ) "ग्रेस अवधि" भन्नाले विनियम ४२ को उपविनियम (१) बमोजिम निर्धारण गरिएको ग्रेस अवधिलाई सम्झनुपर्छ।

(च) "जग्गा/घरजग्गाको धितोमा आधारित सापटी" भन्नाले सञ्चयकर्ता स्वयम् वा पति पत्नीको स्वामित्वमा रहेको जग्गा वा घरजग्गा धितो राखि सञ्चयकर्तालाई प्रवाह हुने जग्गा खरिद सापटी, घर सापटी, घर मर्मत सापटी, शैक्षिक सापटी र सरल सापटी सम्झनुपर्छ।

(छ) "तलबमान" भन्नाले सञ्चयकर्ता कार्यरत पद वा तहको ग्रेड सहितको सञ्चय कोष कट्टी हुने मासिक तलबलाई सम्झनुपर्छ।

(ज) "धितो" भन्नाले कोषबाट प्रवाह भएको विशेष सापटीको हकमा सञ्चयकर्ताको नाममा जम्मा भएको कोषकट्टी रकम र जग्गा वा घरजग्गा धितोमा आधारित सापटीको हकमा सुरक्षण बापत कोषको नाममा दृष्टिबन्धक धितो रजिष्ट्रेशन पारित भई सम्बन्धित मालपोत कार्यालयमा कोषको तर्फबाट रोक्का रहेको जग्गा/घर जग्गा सम्झनुपर्छ। सो शब्दले व्यक्तिगत जमानत समेतलाई जनाउनेछ।

(झ) "नियमित कोष कट्टी" भन्नाले ऐनको दफा १२ बमोजिम विगत छ महिना अघिसम्मको सञ्चय कोष रकम नियमित रुपमा जम्मा भईरहेको अवस्थालाई सम्झनुपर्छ।

(ञ) "प्रशासक" भन्नाले ऐनको दफा ६क वमोजिम नियुक्त कोषको प्रशासक सम्झनुपर्छ। सो शब्दले कोषको दैनिक कार्य सञ्चालन गर्न जिम्मेवारी पाएको निमित्त वा कार्यवाहक प्रशासकलाई समेत जनाउनेछ।

(ट) "व्यक्तिगत जमानत" भन्नाले ऋणीले सुरक्षणको लागि राखेको जग्गा/घर जग्गाको धितोबाट सापटी चुक्ता हुन नसकेमा आफूले चुक्ता गरिदिने र चुक्ता नभएमा आफ्नो चल अचल सम्पत्तिबाट असुल उपर गरी लिएमा मञ्जुरी रहेको व्यहोरा दर्शाई ऋणी, पती/पत्नी, छोरा, छोरीले कोषलाई गरी दिएको लिखत सम्झनु पर्छ।

(ठ) "मूल्याङ्कनकर्ता" भन्नाले घर जग्गाको धितो मूल्याङ्कन गर्ने प्रयोजनको लागि कोषमा सूचीकृत भएका कम्पनी सम्झनु पर्छ। सो शब्दले कोषले तोकेको कोषको प्राविधिक कर्मचारी वा सम्बन्धित क्षेत्रको विज्ञ समेतलाई जनाउनेछ।

(ड) "विनियमावली" भन्नाले कर्मचारी सञ्चय कोष, सञ्चयकर्ता सापटी प्रवाह विनियमावली, २०८० सम्झनुपर्छ।

(ढ) "विभाग" भन्नाले सञ्चयकर्ता सापटी प्रवाह सम्बन्धी काम गर्ने कोषको विभाग सम्झनुपर्छ।

(ण) "विभागीय प्रमुख" भन्नाले विभागको प्रमुख सम्झनु पर्छ। सो शब्दले विभागीय प्रमुखको अनुपस्थीतिमा निमित्त भई काम गर्ने विभागको बरिष्ठ प्रवन्धकलाई समेत जनाउनेछ।

(त) "सञ्चालक समिति" भन्नाले ऐनको दफा ४ वमोजिम गठन भएको कोषको सञ्चालक समिति सम्झनुपर्छ।

(थ) "सञ्चयकर्ता" भन्नाले सञ्चय कोष कट्टी रकम नियमित रुपमा कोषमा जम्मा गर्दै आएको ऐनको दफा २ को (ख) मा उल्लेख भएबमोजिमको कर्मचारी सम्झनु पर्छ।

(द) "सापटी" भन्नाले सञ्चयकर्तालाई विनियम ३ बमोजिम प्रदान गरिने सापटी सम्झनु पर्छ।

[ϕ] (ध) "शाखा प्रमुख" भन्नाले सञ्चयकर्ता सापटी प्रवाह सम्बन्धी काम गर्ने सम्बन्धित शाखाको प्रमुख सम्झनुपर्छ। सो शब्दले कोषको शाखा कार्यालय वा सेवा केन्द्रको प्रमुख भई कार्य गर्ने जिम्मेवारी पाएको कोषको अधिकृतस्तरको कर्मचारीलाई समेत जनाउनेछ।

(न) "शाखा कार्यालय" भन्नाले सापटी प्रवाह सम्बन्धी काम समेत गर्ने गरी कोषले तोकेको शाखा कार्यालय वा सेवा केन्द्र सम्झनुपर्छ।

परिच्छेद – दुई
सापटी सम्बन्धी व्यवस्था

३. सापटीको प्रकार :

(१) कोषले सञ्चयकर्तालाई उपलब्ध गराउने सापटी देहाय अनुरुप हुनेछन्:

(क) कोष कट्टी रकमको धितोमा आधारित विशेष सापटी,

[φ] दोस्रो संशोधनद्वारा संशोधित।

[ϕ] दोस्रो संशोधनद्वारा संशोधित।

(ख) जग्गा/घरजग्गाको धितोमा आधारित देहायका सापटीः

(अ) जग्गा खरिद सापटी

(आ) घर सापटी,

(इ) घर मर्मत सापटी,

(ई) शैक्षिक सापटी,

(उ) सरल सापटी।

(२) सञ्चालक समितिले उपविनियम (१) मा उल्लिखित सापटीमा आवश्यकता अनुसार संशोधन, परिमार्जन वा स्थगन गर्न सक्नेछ।

४. सापटीको प्रयोजन :

कोषले सञ्चयकर्तालाई देहायको प्रयोजनका लागि विनियम ३ बमोजिमका सापटीहरु उपलब्ध गराउन सक्ने छः

(१) नियमित रुपमा कोषकट्टी गर्दै आएका सञ्चयकर्तालाई कोषकट्टी रकमको आधारमा विशेष सापटी प्रदान गर्न सकिनेछ।

(२) नियमित रुपमा कोषकट्टी गर्दै आएका सञ्चयकर्तालाई जग्गा खरिद गर्ने प्रयोजनका लागि जग्गा खरिद सापटी, घरजग्गा खरिद/निर्माण/तल्ला थप गर्ने [१]तथा एपार्टमेन्ट खरिद गर्ने प्रयोजनको लागि घर सापटी, घर मर्मत गर्ने प्रयोजनका लागि घर मर्मत सापटी, सञ्चयकर्ता स्वयम् वा पति/पत्नी वा छोरा/छोरीलाई उच्च शिक्षा अध्ययन गर्ने गराउने प्रयोजनको लागि शैक्षिक सापटी र अन्य प्रयोजनका लागि सरल सापटी प्रदान गरिनेछ।

५. सापटी प्राप्त गर्ने योग्यताः

(१) कोषले कम्तीमा दुई वर्ष कोषकट्टी रकम कोषमा जम्मा गरेका सञ्चयकर्तालाई विशेष सापटी प्रदान गर्न सक्नेछ।

(२) कोषले विनियम ३ को उपविनियम (१) को (ख) बमोजिमका जग्गा/घरजग्गाको धितोमा आधारित सापटी प्रदान गर्दा देहायको योग्यता पुरा भएको हुनु पर्नेछः

(क) कम्तीमा [२]छ महिना देखि कोषकट्टी रकम कोषमा जम्मा भएको,

(ख) नियमित कोष कट्टी रहेको,

(ग) उमेर वा पदावधिको आधारमा अवकाश हुन बाँकी अवधि न्यूनतम् [२]छ महिना रहेको,

(घ) सापटीको धितोको लागि कोषमा पेश गरिने जग्गा/घर जग्गा सञ्चयकर्ता स्वयम् वा पति/पत्नी वा दुवैजनाको संयुक्त नाममा स्वामित्व कायम रहेको,

(ङ) जग्गा/घरजग्गा खरिदको हकमा सञ्चयकर्ता स्वयम् वा पति/पत्नी वा दुवैजनाको संयुक्त नाममा स्वामित्व कायम हुने भएको।

६. सापटीको अधिकतम सीमाः

[३](१) कोषले सञ्चयकर्ताको कोष खातामा जम्मा भएको रकमको पञ्चानब्बे प्रतिशत सम्म विशेष सापटी प्रदान गर्न सक्नेछ।

(२) कोषले प्रदान गर्ने विनियम ३ को उपविनियम (१) को (ख) बमोजिमका सापटीको सीमा कायम गर्दा देहायका मापदण्डका आधारमा कायम हुने रकम मध्ये सबैभन्दा न्यून रकमलाई कायम गर्नु पर्नेछः

[४](क) जग्गा खरिद सापटीको लागि एक करोड रुपैयाँ, घर सापटीको लागि एक करोड पचास लाख रुपैयाँ, घर मर्मत सापटीको लागि पचास लाख रुपैयाँ, शैक्षिक सापटीको लागि पचास लाख रुपियाँ, सरल सापटीको लागि एक करोड रुपैयाँ, वा

(ख) विनियम १७ को उपविनियम (१) वमोजिम जग्गा/घरजग्गाको मूल्याङ्कनको आधारमा कायम हुने रकम, वा

[५](ग) .....।

(३) शैक्षिक सापटीको सीमा कायम गर्दा भर्ना शूल्क, शिक्षण शूल्क, परीक्षा शूल्क, छात्रवास खर्च, भिसा शूल्क वापत गरिने भुक्तानी रकमलाई समावेश गरी गरिनेछ।

---

[१] सातौँ संशोधनद्वारा संशोधित।

[२] सातौँ संशोधनद्वारा संशोधित।

[३] सातौँ संशोधनद्वारा संशोधित।

[४] सातौँ संशोधनद्वारा संशोधित।

[५] सातौँ संशोधनबाट झिकिएको।

[Δ] (४) विनियम ३ को उपविनियम (१) को (ख) बमोजिमका सापटीको न्यूनतम् सीमा पाँच लाख रुपैयाँ भन्दा कम हुने छैन।

[€] (५) एकासगोलको पति पत्नी दुवैजना सञ्चयकर्ता भएमा एउटै जग्गारघरजग्गा धितोको मूल्यांकन रकमले खामेको अवस्थामा दुवै जनाको नाममा छुट्टाछुट्टै सापटी स्वीकृत गर्न सकिनेछ। यसरी सापटी स्वीकृत गर्दा दुवैजनाको गरी कूल सापटीको सीमा बढीमा ¥चार करोड रुपैयाँसम्म हुनेछ।

[φ] (६) यस विनियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै सञ्चयकर्तालाई विनियम ३ को उपविनियम (१) को (ख) बमोजिम फरक फरक वा एउटै धितोमा फरक फरक शीर्षकमा सापटी प्रदान गर्न सकिनेछ। तर, फरक फरक स्थानमा रहेको धितोमा एउटै शीर्षकमा सापटी प्रदान गर्न सकिनेछैन।

यसरी सापटी स्वीकृत गर्दा एउटै सञ्चयकर्तालाई प्रदान गरिने विनियम ३ को उपविनियम (१) को (ख)बमोजिम कूल सापटीको सीमा रकम[♦] तीन करोड रुपैयाँ भन्दा बढि हुनेछैन।

(७) यस विनियमावली बमोजिमा प्रवाह हुने सापटी रकमको सीमामा आवश्यकता अनुसार सञ्चालक समितिले पुनरावलोकन गर्न सक्नेछ।

परिच्छेद– तीन
आवेदन फाराम तथा विश्लेषण सम्बन्धी व्यवस्था

७. आवेदन फाराम, आवश्यक कागजात तथा कर्जा सूचनाः

(१) सञ्चयकर्ताले विनियम ३ को उपविनियम (१) बमोजिमका सापटी लिन सम्बन्धित कार्यालय प्रमुखको सिफारिश तथा कार्यालयको छाप लगाई देहाय बमोजिमको आवेदन फाराम कोषमा पेश गर्नु पर्नेछः

(क) विशेष सापटीको लागि अनुसूची-१(क) को ढाँचाको विशेष सापटी आवेदन फाराम,

(ख) जग्गा खरिद सापटीको लागि अनुसूची-१(ख) को ढाँचाको जग्गा खरिद सापटी आवेदन फाराम,

(ग) घर सापटीको लागि अनुसूची-१(ग) को ढाँचाको घर सापटी आवेदन फाराम,

(घ) घर मर्मत सापटीको लागि अनुसूची-१(घ) को ढाँचाको घर मर्मत सापटी आवेदन फाराम,

(ङ) शैक्षिक सापटीको लागि अनुसूची-१(ङ) को ढाँचाको शैक्षिक सापटी आवेदन फाराम,

(च) सरल सापटीको लागि अनुसूची-१(च) को ढाँचाको सरल सापटी आवेदन फाराम।

(२) सञ्चयकर्ताले उपविनियम (१) मा तोकिएको आवेदन फारामको साथमा देहायका कागजात संलग्न गरी पेश गर्नु पर्नेछः

(क) सबै प्रकारका सापटीको लागि सञ्चयकर्ताको कोष परिचयपत्र र सञ्चयकर्ता व्यक्तिगत विवरण– KYC को प्रमाणित प्रतिलिपि,

(ख) विनियम ३ को उपविनियम (१) को (ख) बमोजिमका सापटीको लागिः

[९](अ) घरजग्गा खरिद र जग्गा खरिदको हकमा खरिदकर्तारनिवेदक र बिक्रेता बीच हुने अनुसूची-२ बमोजिमको सम्झौता पत्र।

(आ) निवेदक र जग्गाधनी फरक व्यक्ति भएमा नाता खुल्ने प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (नागरिकताको प्रमाणपत्र वा जग्गाधनी दर्ता प्रमाण पूर्जाबाट नाता खुल्न नसक्ने भएमा),

(इ) निवेदकको कार्यालयबाट जारी भएको खाईपाई आएको तलबमान र अवकाश मिति खुलेको सक्कल पत्र,

(ई) धितो राख्ने जग्गाको जग्गाधनी प्रमाण पूर्जा (जग्गामा घर भएको खण्डमा घर समेत कायम भएको) को प्रमाणित प्रतिलिपि,

---

[Δ] पहिलो संशोधनद्वारा संशोधित।

[€] दोस्रो संशोधनद्वारा संशोधित।

[φ] दोस्रो संशोधनद्वारा संशोधित।

[♦] सातौँ संशोधनद्वारा संशोधित।

[९] दोस्रो संशोधनद्वारा संशोधित।

(उ) घरजग्गा प्राप्तिको स्वामित्व सम्बन्धी लिखत (राजीनामा, अंशबण्डा, बकसपत्र, छोडपत्र, दर्ताफारी आदि) को प्रमाणित प्रतिलिपि (तर नामसारीको हकमा जग्गाधनी पूर्जामा नामसारी भएको व्यहोरा जनिएको हुनुपर्ने),

(ऊ) नापी कार्यालयलाई कोषको नाममा जग्गाको ट्रेस पेपर उपलब्ध गराउन अनुसूची–३ बमोजिम लेखेको पत्र अनुरुप बढीमा तीस दिन अघि कोषको नाममा जारी भएको धितो रहने जग्गाको चार किल्ला खुलेको नापी नक्सा तथा ट्रेस पेपरको सक्कल प्रति,

(ऋ) सम्बन्धित स्थानीय तहबाट बढीमा तीस दिन अघि जारी भएको बाटो खुलेको चारकिल्लाको सक्कल पत्र र चालु आर्थिक वर्षको मालपोत तिरेको रसिदको प्रमाणित प्रतिलिपि,

(ए) सम्बन्धित स्थानीय तहबाट घर बाटो स्पष्ट हुने गरी घर बनाउन दिएको स्वीकृत पत्र र घरको नक्साको प्रमाणित प्रतिलिपि ((Site Plan/Elevation Plan) सहित),

(ऐ) निर्माण अवधि समाप्त भएको घर धितो राख्नु पर्ने भएमा निर्माण सम्पन्न वा आंशिक निर्माण सम्पन्न प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ओ) सञ्चयकर्ताको एका सगोलको घर, जग्गा, शेयर, ऋणपत्र, बैंक वित्तीय संस्थामा रहेको नगद, कर्जा लगायतको सम्पत्ति तथा दायित्वको विवरण [∅].....,

(औ) धितो रहने जग्गाको सिमाना र बाटो समेत देखिने गरी सञ्चयकर्ता स्वयम् वा पति/पत्नी उपस्थित भएको हालसालै खिचिएको फोटो।

(अं) कोषले आवश्यक ठानेको अन्य कागजातहरु।

(३) शैक्षिक सापटी लिन चाहने सञ्चयकर्ताले उपविनियम (२) मा तोकिएका कागजातको अतिरिक्त देहायका कागजात समेत पेश गर्नु पर्नेछ:

(क) अध्ययन गर्ने विद्यार्थीले अध्ययन गरेको पछिल्लो शैक्षिक योग्यताको चारित्रिक प्रमाणपत्र र लब्धाङ्कपत्रको प्रमाणित प्रतिलिपि,

(ख) विद्यार्थीको नागरिकताको प्रमाणित प्रतिलिपि र अनुसूची–४ बमोजिमको व्यक्तिगत जमानत,

(ग) शिक्षण संस्थामा भर्ना हुन जारी भएको स्वीकृति पत्र (Office Letter), अध्ययन अवधि र अध्ययन गर्न लाग्ने खर्चको विवरण खुलेको आधिकारिक पत्र,

(घ) निवेदक, अध्ययन गर्ने विद्यार्थी र धितो जमानी दिने (फरक व्यक्ति भए) बीच नाता खुलेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

[⊕] (ङ) विदेशी मुलुकमा अध्ययन गर्ने भएमा विद्यार्थीको पासपोर्टको प्रमाणित प्रतिलिपि,

(च) विदेशमा अध्ययन गर्ने सम्बन्धमा सम्बन्धित निकायले प्रदान गर्ने नो अब्जेक्सन प्रमाण पत्रको प्रमाणित प्रतिलिपि।

(४) जग्गा खरिद सापटीको हकमा कित्ताकाट गरी जग्गा लिनुपर्ने अवस्थामा साविक जग्गाधनीबाट कित्ताकाट गरी लिने जग्गाको कोषबाट हुने मूल्याङ्कन पश्चात उक्त जग्गा सञ्चयकर्ता वा पती/पत्नीको नाममा स्वामित्व कायम भई प्राप्त हुने जग्गाधनी प्रमाण पूर्जा, स्वामित्वको लिखत, नापी नक्शा तथा चार किल्ला खुलेको सिफारिस पत्र पेश गर्नु पर्नेछ।

(५) विनियम ३ को उपविनियम (१) को (ख) बमोजिमका सापटी लिन चाहने सञ्चयकर्ताले आवेदन फाराम लगायत अन्य कागजात आफु कार्यरत कार्यालयबाट सिफारिस गराउँदा आफैले हस्ताक्षर गरी सिफारिस गरेको कागजातलाई कोषले मान्यता दिने छैन। तर सञ्चयकर्ता आफै कार्यालय प्रमुख भएको अवस्थामा यो व्यवस्था लागू हुने छैन।

(६) घरजग्गाको धितोमा आधारित सापटी लिन चाहने सञ्चयकर्ताले कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीको विवरणमा नाम समावेश नरहेको स्वःघोषणा पेश गर्नु पर्नेछ।

(७) विनियम ३ को उपविनियम (१) को (ख) अन्तर्गत पचास लाख रुपैयाँ भन्दा बढी सापटी प्रदान गर्दा कर्जा सूचना केन्द्र लिमिटेडबाट सम्बन्धित सञ्चयकर्ता कालो सूचिमा रहे/नरहेको विवरण लिन सकिनेछ।

[∅] पहिलो संशोधनबाट हटाइएको।

[⊕] सातौँ संशोधनद्वारा संशोधित।

८. आवेदन फाराम दर्ता गर्ने :

(१) विनियम ७ बमोजिमका कागजात सहितको आवेदन फाराम कोषमा पेश हुन आएमा कोषको सापटी प्रवाह शाखाको तोकिएको अधिकृतले चेकजाँच तथा पुनरावलोकन गर्नुपर्नेछ ।

(२) पुनरावलोकन गर्दा तोकिएका सम्पूर्ण कागजात संलग्न रहेमा शाखा प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(३) शाखा प्रमुखले निवेदन फाईलको विश्लेषण गरी दर्ता गर्न आदेश दिन सक्नेछ । दर्ता गर्न नमिल्ने फाईल सम्बन्धित सञ्चयकर्तालाई फिर्ता गर्नु पर्नेछ ।

(४) कोषमा प्राप्त हुन आएका आवेदन फारामको सम्बन्धित विभाग तथा शाखा कार्यालयले अभिलेख राख्नु पर्नेछ ।

९. आवेदन फारामको जाँचबुझ, अध्ययन, निरीक्षण र विश्लेषण गर्ने :

(१) घरजग्गाको धितोमा आधारित सापटीको फाईल दर्ता भएपछि सञ्चयकर्ताले पेश गरेको विवरण चेकजाँच गर्दा यस विनियमावली बमोजिम रितपूर्वक सापटी माग गरेको देखिएमा कोषले निवेदकले धितो दिन चाहेको घरजग्गाको अवस्था, बाटोको अवस्था, स्थानीय विकासको अवस्था, बजारको निकटता, अन्य पूर्वाधारको अवस्था लगायतका जग्गा/घरजग्गासँग सम्बन्धित विषयको जाँचबुझ, अध्ययन, निरीक्षण र विश्लेषण गर्नु पर्नेछ ।

(२) उपविनियम (१) मा उल्लेख भएका बिषयको निरुपण गर्ने सिलसिलामा शाखा प्रमुखले अधिकृतसहित कम्तीमा दुई जना रहने गरी जाँचबुझ, अध्ययन, निरीक्षण र बिश्लेषण गरी प्रतिवेदन पेश गर्न स्थलगत निरीक्षण टोली खटाउनु पर्नेछ ।

(३) उपविनियम (२) बमोजिम खटिएका कर्मचारीले उप विनियम (१) मा उल्लेख भएका बिषयको जाँचबुझ, अध्ययन, निरीक्षण तथा बिश्लेषण गरी निवेदकले पेश गरेको धितोको आधारमा सापटी दिन सकिने भएमा धितो मूल्याङ्कनको लागि सिफारिस सहितको प्रतिवेदन अनुसूची–५ बमोजिम ढाँचामा शाखा प्रमुखसमक्ष पेश गर्नु पर्नेछ ।

(४) उपविनियम (३) बमोजिमको प्रतिवेदनको आधारमा निवेदकलाई सापटी दिन सकिने अवस्था देखिएमा शाखा प्रमुखले कोषमा सूचीकृत मूल्याङ्कनकर्तालाई धितो मूल्याङ्कन गर्ने प्रयोजनको लागि निवेदन फाईल सहितको कागजातको प्रतिलिपि र सक्कल नापी नक्सा उपलब्ध गराई मूल्याङ्कन प्रतिवेदन पेश गर्न समय तोकी कार्यादेश दिनु पर्नेछ ।

(५) शाखा प्रमुखले सापटी प्रस्तावको विश्लेषण गर्दा सापटी दिन योग्य नदेखेमा कारण जनाई पत्र लेखी दर्ता भएको पन्ध्र दिन भित्र सञ्चयकर्तालाई जानकारी गराई आवेदन फाराम फिर्ता दिनु पर्नेछ ।

१०. कानूनी राय लिन सक्ने :

यस विनियमावली अनुरुप सापटी प्रवाह प्रक्रियाका सम्बन्धमा द्विविधा उत्पन्न भएमा [Σ] कार्यालय प्रमुखले कानूनी राय लिई स्पष्ट गर्न सक्नेछ ।

परिच्छेद – चार

जग्गा/घर जग्गाको धितोमा प्रवाह हुने सापटीको धितोको मापदण्ड तथा मूल्याङ्कन सम्बन्धी व्यवस्था

११. धितो लिन सकिने क्षेत्र :

(१) कोषले धितो लिने प्रयोजनको लागि कोषका विभाग, शाखा कार्यालय तथा सेवा केन्द्रको क्षेत्राधिकार प्रशासकले समय समयमा तोके बमोजिम हुनेछ ।

(२) जग्गा/घर जग्गाको धितोमा सापटी प्रवाह गर्दा मूल्याङ्कन प्रयोजनको लागि धितो लिन सकिने क्षेत्रको विवरण अनुसूची–६ मा व्यवस्था भएबमोजिम हुनेछ ।

(३) सापटी सुरक्षणको लागि कोषमा दृष्टिबन्धक रहेको धितोको मूल्याङ्कन रकमले कोषको लेना रकमलाई खाम्ने अवस्था नदेखिएमा कोषले सञ्चयकर्तासंग थप धितो माग गरी रोक्का राख्न सक्नेछ ।

१२. सापटीको सुरक्षणको लागि धितो :

(१) कोषबाट विशेष सापटी प्रवाह गर्दा सञ्चयकर्ताको नाममा कोषमा जम्मा रहेको शतप्रतिशत कोषकट्टी रकम सापटीको सुरक्षणको लागि धितो रहनेछ ।

(२) घर जग्गाको धितोमा सापटी प्रवाह गर्दा विनियम ११ वमोजिम तोकिएको क्षेत्र भित्र पर्ने देहाय बमोजिमको अचल सम्पत्ति सुरक्षणको रुपमा धितो लिन सकिनेछ :

[Σ] सातौँ संशोधनद्वारा संशोधित ।

(क) जग्गा खरिद सापटीको हकमा सञ्चयकर्ता स्वयम् वा पति/पत्नी वा संयुक्त नाममा खरिद गरिने/गरेको जग्गा,

(ख) घर सापटीको हकमा सञ्चयकर्ता स्वयम् वा पति/पत्नी वा संयुक्त नाममा खरिद गरेको घर जग्गा वा निर्माण गरिने/गरेको घर जग्गा,

(ग) घर मर्मत सापटीको हकमा सञ्चयकर्ता स्वयम् वा पति/पत्नी वा संयुक्त नाममा रहेको घर जग्गा,

(घ) शैक्षिक सापटीको हकमा सञ्चयकर्ता स्वयम् वा पति/पत्नी वा संयुक्त नाममा रहेको जग्गा वा घर जग्गा,

(ङ) सरल सापटीको हकमा सञ्चयकर्ता स्वयम् वा पति/पत्नी वा संयुक्त नाममा रहेको जग्गा वा घर जग्गा ।

(३) घर जग्गाको धितोमा प्रवाह हुने सापटीको लागि सञ्चयकर्ताले कोषलाई उपलब्ध गराउने धितो कुनै किसिमको विवाद वा कही कतैबाट रोक्का नभएको र कानूनी रुपमा योग्य हुनु पर्नेछ ।

[γ] (४) घरसापटी (घर खरिद), घर मर्मत सापटी, सरल सापटी र शैक्षिक सापटी प्रवाह गर्ने सिलसिलामा घर सहितको जग्गा धितो लिनुपर्ने भएमा घरको निर्माण सम्पन्न वा कुनै कैफियत नभएको अभिलेखिकरण प्रमाणपत्र पेश गर्नुपर्नेछ ।

(५) धितो रहने जग्गामा अस्थायी प्रकृतिका संरचना वा टहरा समेत रहेको अवस्थामा जग्गाको मात्र मूल्याङ्कनको आधारमा सापटी दिन सकिनेछ ।

(६) धितो रहने जग्गामा वीस वर्ष वा सो भन्दा पुरानो घर रहेको अवस्थामा सो घरजग्गा धितो राखी सापटी प्रवाह गर्नुपर्ने भएमा जग्गाको मात्र मूल्याङ्कनको आधारमा सापटी दिन सकिनेछ । यसरी सापटी प्रवाह गर्दा सम्बन्धित निवेदकको मञ्जुरी लिई सो जग्गामा रहेको घर समेत रोक्का राख्नु पर्नेछ ।

१३. धितो लिन नमिल्ने घर जग्गा :

कोषले देहायका घरजग्गाको मूल्याङ्कन गरी सापटी दिने प्रयोजनको लागि धितो लिन मिल्ने छैन :

(१) विनियम ११ को उपविनियम (१) मा तोकिएको क्षेत्रभन्दा बाहिरको जग्गा,

(२) गुठीमा दर्ता कायम भई रैतानी भई नसकेको जग्गा,

(३) मोहीको हक कायम रहेको जग्गा,

(४) हालैदेखिको बकसपत्र लिखतको हकमा लिखत पारित भएको मितिले दुई वर्ष भित्रको लिखतसँग सम्बन्धित जग्गा,

(५) अंशबण्डा वा अंश भर्पाई लिखतको हकमा लिखत पारित भएको मितिले एक वर्ष भित्रको लिखत सँग सम्बन्धित जग्गा,

(६) राजिनामा लिखतबाट स्वामित्व प्राप्त भएको मितिले एक वर्ष भित्रको लिखत सँग सम्बन्धित जग्गा,

तर, राजिनामा लिखतमा उल्लेख भएको थैली रकमको [≠]शत प्रतिशतले हुने रकम सम्म सापटी प्रवाह गर्न वाधा पर्नेछैन ।

(७) दाखेल खारेज, दर्ताफारी र नामसारीको हकमा पैतिस दिन र सो बाहेक अन्य लिखतको हकमा एक वर्षको हदम्याद पुरा नभएको जग्गा,

(८) घरको हकमा स्थानीय तहबाट नक्सा पास नभएको वा शर्त सहित नक्सा पास भएको वा निर्माण इजाजत लिई घर निर्माण गरी अभिलेखिकरण नगरिएको घर जग्गा,

(९) अदालत वा अन्य कुनै निकायमा मुद्दा मामिला परेको घर जग्गा ।

१४. घर जग्गा सम्म पुग्ने बाटोको मापदण्ड :

(१) सापटी प्रवाह प्रयोजनको लागि कोषले धितोको रुपमा स्वीकार गर्ने जग्गा/घर जग्गा सम्म पुग्ने बाटोको मापदण्ड देहाय अनुसार हुनुपर्नेछः

[≒] (क) घर जग्गा धितो राखी सापटी प्रवाह गर्दा धितो लिईने घरजग्गा सम्म पुग्ने बाटो कम्तीमा आठ फिट हुनुपर्ने,

(ख) जग्गामात्र धितो राखी सापटी प्रवाह गर्दा धितो लिईने जग्गासम्म पुग्ने बाटो कम्तीमा बाह्र फिटको हुनुपर्ने,

[∅] (ग) ×

[γ] दोस्रो संशोधनद्वारा संशोधित ।

[≠] दोस्रो संशोधनद्वारा संशोधित ।

[≒] सातौँ संशोधनद्वारा संशोधित ।

[∅] दोस्रो संशोधनद्वारा खारेज ।

(२) नापी नक्सामा स्पष्ट बाटो नभएको र फिल्डमा बाटो भएको अवस्थामा स्थानीय तहबाट प्रमाणित उपविनियम (१) बमोजिमको बाटो उल्लेख भएको कागजात पेश हुनु पर्नेछ ।

१५. धितो मूल्याङ्कनकर्ताको योग्यता र सूचीकरण:

(१) कोषमा सूचिकृत धितो मूल्याङ्कनकर्ता कम्पनीको योग्यता देहाय बमोजिम हुनुपर्नेछः

(क) मूल्याङ्कनकर्ता कम्पनी प्रचलित कम्पनी ऐन बमोजिम दर्ता भएको,

(ख) मूल्याङ्कनकर्ता कम्पनीको न्यूनतम एकाउन्न प्रतिशत शेयर स्वामित्व मान्यता प्राप्त विश्वविद्यालयबाट सिभिल ईन्जिनीयरिङ्ग विषयमा कम्तिमा स्नातक उपाधी हासिल गरेको व्यक्तिको नाममा कायम रहेको,

(ग) कोषमा कार्यरत कर्मचारी वा एकाघर परिवारको सदस्य कम्पनीको शेयरधनी वा कर्मचारी नरहेको,

(घ) कम्पनीका शेयरधनी कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश नहेको र फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहर नभएको,

(ङ) मूल्याङ्कनकर्ता कम्पनीको चुक्ता पूँजी, नेटवर्थ, वित्तीय विवरण लगायतका अन्य शर्त तथा अवस्था कोषले तोकेबमोजिम रहेको ।

(२) कोषले प्रत्येक आर्थिक वर्षको लागि आर्थिक वर्ष शुरु हुनु अगावै मूल्याङ्कनकर्ताको नाम सूचीकरण गरी अध्यावधिक गर्नु पर्नेछ ।

१६. धितो मूल्याङ्कन प्रक्रिया :

(१) सञ्चयकर्ताले पेश गरेको जग्गा/घरजग्गाको मूल्याङ्कन गराउन कोषमा सूचीकृत कम्पनी वा कोषको प्राविधिक सेवा अन्तर्गत इन्जिनियरिङ्ग समूहका कर्मचारीलाई कोषले मूल्याङ्कनकर्ताको रुपमा खटाउन सक्नेछ ।

(२) कोषमा सूचीकृत हुने सिलसिलामा मूल्याङ्कनकर्ताले धितो मूल्याङ्कन गर्दा अपनाउनु पर्ने प्रक्रिया र जोखिम व्यवस्थापन सम्बन्धमा कोषले मूल्याङ्कनकर्तासँग अनुसूची–७ बमोजिमको ढाँचामा कवुलियतनामा लिनु पर्नेछ ।

(३) जग्गाको नापजाँच गरी कायम हुने क्षेत्रफल तथा निर्माणाधिन वा निर्माण सम्पन्न घरको अनुसूची-८ मा उल्लिखित मापदण्डको सीमा भित्र रही मूल्याङ्कन गर्नु पर्नेछ ।

♦(४) धितो रहने जग्गाको चारैतर्फ पर्खाल लगाएको हुनुपर्नेछ । यसरी धितो रहने जग्गाको क्षेत्रफल एक रोपनी वा २ कट्ठा भन्दा बढी भएमा जग्गाको चार किल्ला स्पष्ट छुट्टिने गरी पर्खाल वा तारबार वा फेन्सिङ्ग गरेको हुनुपर्नेछ । तर संधियारले आफ्नो जग्गाको सीमानामा पर्खाल वा स्थायी संरचना निर्माण गरिसकेको भए त्यस तर्फ छुट्टै पर्खाल वा तारबार वा फेन्सिङ्ग गर्न आवश्यक पर्नेछैन ।

(५) महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका भित्र रहेको जग्गाको हकमा मूल्याङ्कन कायम हुने जग्गाको क्षेत्रफल साढे दुई आना वा पाँच धुर भन्दा कम भएमा उक्त जग्गा धितोको रुपमा स्वीकार गरिने छैन ।

(६) गाँउपालिका भित्र रहेको जग्गाको हकमा मूल्याङ्कन कायम हुने जग्गाको क्षेत्रफल चार आना वा साढे सात धुर भन्दा कम भएमा उक्त जग्गा धितोको रुपमा स्वीकार गरिने छैन ।

(७) कोषले देहायको प्रक्रिया बमोजिम जग्गा/घर जग्गाको मूल्याङ्कन गर्नु पर्नेछः

(क) जग्गाको सरकारी मूल्यको चालिस प्रतिशत र प्रचलित बजार मूल्यको साठी प्रतिशतको योग लिई हुन आउने मूल्यलाई उचित बजार मूल्य (Fair Market Value-FMV) कायम गरिने छ ।

(ख) जग्गा रहेको क्षेत्रको चलनचल्तीको दर सर्वेक्षण गरी बाटो, ढल, बिजुली, पानी लगायतका भौतिक पुर्वाधारको अवस्था र जग्गाको अवस्थिती विश्लेषण गरी सोको अवस्था खुलाई सरकारी मूल्यको बढीमा *पाँच गुणासम्म बजार मूल्य कायम गर्न सकिनेछ ।

(ग) प्रचलित निर्माण मापदण्ड र बाटोको मापदण्डले पार्नसक्ने प्रभाव, प्राकृतिक प्रकोपको कारणले हुनसक्ने क्षति, हाईटेन्सन लाईनको मापदण्ड, जग्गाको भिरालोपनको कारणले जग्गा विकासमा बढ्न सक्ने लागत, कुनै सरकारी कार्यालय वा निकायको नियम/व्यवस्थाले पार्न सक्ने असर समेतलाई दृष्टिगत गरी जग्गाको मूल्याङ्कन गर्न सकिनेछ ।

♦ दोस्रो संशोधनद्वारा संशोधित ।

* दोस्रो संशोधनद्वारा संशोधित ।

[✡] (घ) खण्ड ९ (क) बमोजिम कायम भएको उचित बजार मूल्य (Fair Market Value- FMV) मा जग्गासँग जोडिएको बाटोको अवस्था हेरी देहाय बमोजिम मार्जिन कट्टी गरी खूद मूल्य (Distress Value) कायम गर्नु पर्नेछः

(अ) आठ फिट देखि बाह्र फिट भन्दा कमको कच्चीरपक्की बाटोसँगै जोडिएको जग्गाको कम्तीमा पन्ध्र प्रतिशत,

(आ) बाह्र फिट वा सोभन्दा ठूलो कच्चीरपक्की बाटोसँगै जोडिएको जग्गाको कम्तीमा दश प्रतिशत,

(ङ) भवन तथा निर्माण कार्यको मूल्याङ्कन गर्दा यस विनियमावली अनुरुपको मापदण्डको सीमाभित्र रही गर्नुपर्नेछ । मूल्याङ्कनको मापदण्ड निर्धारण गर्दा सरकारी मापदण्डको परिपालना गरी तोकिएको जिल्ला दररेटको सीमा भित्र रही तय गर्नु पर्नेछ । कुनै वस्तु वा सेवाको जिल्ला सरकारी दररेट उपलब्ध नभएमा प्रचलित बजारदरलाई आधार बनाई मूल्याङ्कन मापदण्ड तय गर्नु पर्नेछ ।

[❖] (च) भवन निर्माण इजाजत पत्र प्राप्त भएको मितिले दुई वर्ष पछिको मिति वा निर्माण सम्पन्न वा अभिलेखिकरण प्रमाण पत्रमा उल्लेख भएको मिति मध्येको अघिल्लो मितिलाई आधार मानि घरको मूल्याङ्कन गर्नुपर्नेछ । यसरी मूल्याङ्कन गर्दा वार्षिक दुई दशमलव पाँच प्रतिशतको दरले स्थिर मूल्य ह्रास प्रणाली (Straight Line Method) अनुसार ह्रास कट्टी गरी ह्रास पछिको मूल्याङ्कन कायम गर्नुपर्नेछ ।

(छ) खण्ड (घ) बमोजिम निर्धारण भएको जग्गाको खुद मूल्य (Distress Value) र खण्ड (च) बमोजिम निर्धारण भएको घरको ह्रास पछिको मूल्याङ्कन जोडी घर जग्गाको बास्तविक मूल्य कायम गर्नु पर्नेछ ।

(ज) विद्युतको हाईटेन्सन लाईन नजिक पर्ने जग्गाको हकमा नेपाल विद्युत प्राधिकरण, स्थानीय तह र नगर विकास समितिले तोकेको मापदण्ड मध्ये सबैभन्दा वढि मापदण्डलाई आधार बनाई सो बमोजिमको जग्गा घटाई बाँकी रहने जग्गाको मात्र मूल्याङ्कन गर्नु पर्नेछ ।

(झ) धितो रहने जग्गा गोरेटो बाटो, खोला किनार, राजकुलो, खोल्सा, भीरपाखा आदिसँग जोडिएको अवस्थामा स्थानीय तह वा सरकारी निकायले निर्धारण गरेको मापदण्ड भित्रको जग्गा घटाई बाँकी रहने जग्गाको मात्र मूल्याङ्कन गर्नु पर्नेछ ।

(ञ) धितो रहने जग्गा रेलवेलाइन, विमानस्थल आदिसँग जोडिएको अवस्थामा स्थानीय तह वा सरकारी निकायले निर्धारण गरेको मापदण्ड भित्रको जग्गा घटाई बाँकी रहने जग्गाको मात्र मूल्याङ्कन गर्नुपर्नेछ ।

(ट) मूल्याङ्कन प्रयोजनको लागि मापदण्ड बमोजिमको जग्गाको क्षेत्रफल घटाईएता पनि उक्त जग्गासमेत रोक्का रहने शर्तमा मात्र सापटी स्वीकृत गर्नुपर्नेछ ।

(ठ) धितो मूल्याङ्कन विधि र प्रक्रियाको सम्बन्धमा यस विनियमावलीमा उल्लेख नभएका र स्पष्ट हुन नसकेका विषयको निरुपण प्रशासकस्तरीय निर्णयबाट हुनेछ ।

[∠] (ड) धितो लिने घरको अभिलेखिकरण गरेको अवस्थामा घरको मूल्याङ्कन गर्दा घर निर्माणको इजाजतपत्र र अभिलेखिकरण प्रमाणपत्रमा घरको क्षेत्रफल फरक पर्न गएमा घर निर्माण इजाजतपत्रको क्षेत्रफललाई आधार मानि मूल्यांकन गर्नुपर्नेछ ।

(८) मूल्याङ्कन प्रतिवेदनमा जग्गासम्मको पहूँच सडक (Acces Road), जग्गाको वरिपरी रहेको स्कूल, धार्मिक स्थल, पुरातात्विक महत्वको स्थान, ठाउँको नाम, कार्यस्थल योजना (Site plan), स्थलगत नक्सा (Location Map) आदि समेत खुलाउनु पर्नेछ ।

[☺] (९) सञ्चयकर्ताले अपार्टमेन्ट खरिद गर्दा सम्पत्तिको मूल्याङ्कन अनुसूची-८क. बमोजिम गर्नु पर्नेछ ।

१७. धितोको मूल्याङ्कन प्रतिवेदनका आधारमा सापटीको सीमा कायमः

[✍] (१) विनियम (३) को उपविनियम (१) को (ख) बमोजिमका सापटीको लागि मूल्याङ्कनकर्ताले कायम गरेको खूद मूल्याङ्कन रकम (Distress Value) को असी प्रतिशतले हुने रकम विनियम (६) को उपविनियम (२) को

[✡] सातौँ संशोधनद्वारा संशोधित ।
[❖] सातौँ संशोधनद्वारा संशोधित ।
[∠] दोस्रो संशोधनद्वारा थप ।
[☺] सातौँ संशोधनद्वारा थप ।
[✍] सातौँ संशोधनद्वारा संशोधित ।

प्रयोजनको लागि सीमा कायम गरिनेछ । तर, अपार्टमेन्ट खरिदको हकमा मूल्याङ्कनकर्ताले कायम गरेको खूद मूल्याङ्कन रकम (Distress Value) को पचास प्रतिशतले हुने रकम विनियम (६) को उपविनियम (२) को प्रयोजनको लागि सीमा कायम गरिनेछ ।

[*] (२) सापटीको लागि पेश गरेको धितोमा निर्माण भएको स्थायी टहराको मूल्यांकन गरि उक्त धितोको आधारमा घर सापटी र घर मर्मत सापटी दिईनेछैन । तर जग्गा खरीद सापटी, शैक्षिक सापटी र सरल सापटी प्रदान गर्न बाधा पर्नेछैन ।

[•] (३) जग्गारघरजग्गा खरिद गर्दा अनुसूची-२ बमोजिमको सम्झौतापत्रमा उल्लेख भएको मूल्यमा नघट्ने गरी सम्बन्धित मालपोत कार्यालयबाट राजिनामा लिखत पास भएको हुनुपर्नेछ ।

१८. स्थलगत निरीक्षण टोली र मूल्याङ्कनकर्ताले पालना गर्नु पर्ने मापदण्ड, प्रक्रिया तथा जवाफदेहिता:

(१) मूल्याङ्कनको लागि कोषबाट कार्यादेश प्राप्त भएपछि मूल्याङ्कनकर्ताले विनियम १२ ,१३, १४, १५, १६ र १७ मा तोकिएको मापदण्ड तथा प्रक्रिया अनुरुप स्थलगत निरीक्षण गरी पेश गरेको धितो सापटीको सुरक्षणको लागि उपयुक्त भए नभएको यकिन गर्नु पर्नेछ ।

(२) मूल्याङ्कनकर्ताले धितो रहने जग्गा/घर जग्गाको मात्र मूल्याङ्कन गरी जग्गा/घर जग्गाको चारै दिशा तर्फबाट खिचिएको फोटो (सञ्चयकर्ता वा सञ्चयकर्ताको पति/पत्नी समेत उपस्थीत भएको) मूल्याङ्कन प्रतिवेदनमा टाँस गरी प्रमाणित गर्नु पर्नेछ । तर संधियारको जग्गामा संरचना निर्माण भएको कारणले त्यस तर्फबाट फोटो खिच्न सम्भव नभएमा उक्त दिशा तर्फको फोटो आवश्यक पर्ने छैन ।

(३) मूल्याङ्कनकर्ताले जग्गाको मूल्याङ्कन र घरको अनुमानित लागत समेत उल्लेख गरी घर जग्गा सोही कित्तामा रहेको यकिन गरी फोटोमा समेत पर्ने गरी दस्तखत र छाप लगाई मूल्याङ्कन प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(४) धितो मूल्याङ्कनसँग सम्बन्धित सम्पूर्ण जिम्मेवारी तथा जवाफदेहिता मूल्याङ्कनकर्ता र स्थलगत निरीक्षण टोलीको हुनेछ ।

(५) स्थलगत निरीक्षण टोली र मूल्याङ्कनकर्ताले धितोसँग सम्बन्धित कागजातको अध्ययन गर्दा वा धितोको निरीक्षण गरी नाँपजाँच गर्दा धितोको रुपमा सिफारिस गर्न सकिने अवस्था नदेखेमा कारण खोली मूल्याङ्कन गर्न नसकिने जानकारी गराउनु पर्नेछ ।

(६) सम्बन्धित सञ्चयकर्तासँग स्वार्थ नबाझिने गरी स्थलगत निरीक्षण टोली र मूल्याङ्कनकर्ता खटाउने जिम्मेवारी विभागीय प्रमुख वा शाखा कार्यालय तथा सेवा केन्द्र प्रमुखको हुनेछ ।

१९. मूल्याङ्कन प्रतिवेदन पेश गर्नुपर्ने:

कोषबाट प्रवाह हुने सापटीको सुरक्षणको लागि मूल्याङ्कनकर्ताले विनियम १८ को उपविनियम (१) बमोजिम धितो लिन उपयुक्त देखेमा मूल्याङ्कन गरी सोको प्रतिवेदन विभागले तोकेको समय भित्र पेश गर्नु पर्नेछ ।

२०. मूल्याङ्कनकर्तालाई सूचीबाट हटाउने र कारवाहीको लागि लेखी पठाउने:

मूल्याङ्कनकर्ताले गरेको मूल्याङ्कनको आधारमा सापटी प्रदान गर्दा कोषलाई हानी नोक्सानी भएमा वा वदनियत तरिकाले मूल्याङ्कन गरेको पाईएमा वा कोषबाट दिएको निर्देशन पालना नगरेमा निजलाई कोषको मूल्याङ्कनकर्ताको सूचीबाट हटाई भएको हानी नोक्सानी असुलउपर गर्न प्रचलित कानून बमोजिम कारवाही प्रक्रिया अघि बढाउन सकिनेछ ।

परिच्छेद – पाँच
सापटी स्वीकृति प्रक्रिया तथा सम्झौता सम्बन्धी व्यवस्था

२१. सापटी स्वीकृतिको प्रक्रिया:

(१) कोषले यस विनियमावलीमा तोकेका सम्पूर्ण कागजात सहितको आवेदन तथा मूल्याङ्कन प्रतिवेदन प्राप्त भए पश्चात कागजात परीक्षण गरी सापटी स्वीकृति प्रक्रिया अघि बढाउनु पर्नेछ ।

---

[*] दोस्रो संशोधनद्वारा संशोधित ।

[•] दोस्रो संशोधनद्वारा संशोधित ।

(२) विनियम ३ उपविनियम (१) को (ख) बमोजिमका सापटीको लागि सम्पूर्ण कागजात सहितको आवेदन प्राप्त भएपछि कागजात परीक्षण गरी देहाय अनुरुप प्रक्रिया अघि बढाउनु पर्नेछः

(क) धितो रहने जग्गा/घरजग्गा कोषको मापदण्ड अनुरुप रहे नरहेको एकिन गर्न स्थलगत निरीक्षण गर्ने,

(ख) स्थलगत निरीक्षणमा धितो रहने जग्गा/घरजग्गा उपयुक्त देखिएमा विनियम ९ को यपविनियम (४) बमोजिम कोषमा सूचिकृत मूल्याङ्कनकर्तालाई धितो मूल्याङ्कनका लागि कार्यादेश दिने,

(ग) कोषले सूचिकृत मूल्याङ्कनकर्तालाई दिएको धितो मूल्याङ्कनको कार्यादेश बमोजिम मूल्याङ्कनकर्ताबाट प्राप्त भएको मूल्याङ्कन प्रतिवेदनलाई कोषको मापदण्ड र मूल्याङ्कन दर अनुरुप विश्लेषण गरी अनुसूची-९ अनुरुपको प्रतिवेदन तयार गर्ने,

(३) मूल्याङ्कनकर्ता र स्थलगत निरीक्षण प्रतिवेदनका आधारमा उपविनियम (२) बमोजिम प्रक्रिया सम्पन्न भए पश्चात सापटी स्वीकृतिका लागि देहाय बमोजिमको ढाँचाको प्रतिवेदन तयार गरी प्रक्रिया अघि बढाउनु पर्नेछ:

(क) जग्गा खरिद सापटीको लागि अनुसूची-१० (क) अनुरुपको प्रतिवेदन,

(ख) घर सापटीको लागि अनुसूची -१० (ख) अनुरुपको प्रतिवेदन,

(ग) घर मर्मत सापटीको लागि अनुसूची -१० (ग) अनुरुपको प्रतिवेदन,

(घ) शैक्षिक सापटीको लागि अनुसूची -१० (घ) अनुरुपको प्रतिवेदन,

(ङ) सरल सापटीको लागि अनुसूची -१० (ङ) अनुरुपको प्रतिवेदन।

(४) उपविनियम (३) बमोजिमको सापटी स्वीकृतीका लागि तयार गरीएको प्रतिवेदन कोषको अख्तियार प्राप्त अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

२२. सापटी स्वीकृत गर्ने अधिकार:

(१) विशेष सापटी स्वीकृत गर्ने अधिकार प्रशासकले तोके बमोजिम हुनेछ।

(२) विनियम ३ को उपविनियम (१) को (ख) बमोजिमका सापटीको स्वीकृति गर्ने अधिकार देहाय बमोजिम हुनेछः

(क) विभागको हकमा विभागीय प्रमुख,

(ख) शाखा कार्यालय वा सेवा केन्द्रको हकमा शाखा प्रमुख।

२३. सापटी स्वीकृत गर्न नसकिने अवस्था :

(१) सञ्चयकर्ताले कुनै एउटा शीर्षकमा लिएको सापटीको अघिल्लो त्रैमास सम्मको व्याज बक्यौता रहेमा वा व्याज नियमित नगरेसम्म अन्य सापटी स्वीकृत गरिने छैन।

(२) एकाघर परिवार भित्रको खरिद बिक्रीको आधारमा जग्गा/घर जग्गा खरिद सापटी स्वीकृत गरिने छैन।

(३) उमेरको आधारमा [⊕]छ महिना भन्दा कम सेवा अवधि बाँकी रहेका सञ्चयकर्ताको हकमा विशेष सापटी बाहेकका सापटी स्वीकृत गरिने छैन।

२४. सापटी स्वीकृत/अस्वीकृतको जानकारी दिने :

(१) विनियम २२ बमोजिम सापटी स्वीकृत भएको जानकारी सम्बन्धित सञ्चयकर्तालाई दिनु पर्नेछ।

(२) जग्गा/घर जग्गा धितोमा आधारित सापटी अस्वीकृत भएको अवस्थामा सोको जानकारी सम्बन्धित सञ्चयकर्तालाई फाईल दर्ता भएको मितिले तीस दिन भित्र दिनु पर्नेछ।

२५. पुनः सापटी स्वीकृत गर्न सकिने:

(१) देहायको अवस्थामा सञ्चयकर्ताले पुनः माग गरेको सापटी स्वीकृत गर्न सकिनेछः

(क) विशेष सापटी चुक्ता भए पछि वा सापटी लिएको [⌘]छ महिना पुरा भएमा सोही शीर्षकमा सापटी प्रदान गर्न,

(ख) जग्गा खरिद सापटी, घर सापटी र सरल सापटी चुक्ता भएपछि बढिमा दुइ पटकसम्म सोही शीर्षकमा सापटी प्रदान गर्न,

(ग) घर मर्मत सापटी चुक्ता भएपछि पुनः अर्को एक पटक सोहि शीर्षकमा सापटी प्रदान गर्न,

(घ) शैक्षिक सापटी चुक्ता भएपछि पुनः प्रदान गर्न।

[⊕] सातौं संशोधनद्वारा संशोधित।

[⌘] सातौं संशोधनद्वारा संशोधित।

(२) यस विनियममा जुनसुकै कुरा लेखिएको भए तापनि कोषबाट सापटी लिई अध्ययन गरेको व्यक्तिलाई सोहि तहमा अध्ययन गर्न पुनः सापटी प्रवाह गरिने छैन।

[१] (३) उपविनियम (१) को खण्ड (ख), (ग) र (घ) बमोजिम पुनः सापटी स्वीकृत गर्दा मूल विनियमावली लागू भएको मिति सम्वत् २०८०/१२/०८ सम्म स्वीकृत भएका सापटीलाई पहिलो पटक स्वीकृत भएको मानिनेछ।

[२] (४) यस विनियमावलीको विनियम ३ को उपविनियम (१) को (ख) बमोजिमका सापटीको सीमा वृद्धि भएको अवस्थामा ऋणीले फरक सापटी रकम माग गर्न सक्नेछन्। यसरी माग भै आएको सापटीको कर्जा अवधि बाँकी रहेको, ब्याज बक्यौता नरहेको तथा धितो मूल्यांकनले खामेको अवस्थामा वृद्धि भएको सीमा सम्मको फरक सापटी स्वीकृत गर्न सकिनेछ।

२६. धितो रोक्का राख्नेः

(१) जग्गा/घर जग्गा धितोमा आधारित सापटी स्वीकृत भए पश्चात सञ्चयकर्ताले धितो राख्न चाहेको जग्गा/घर जग्गा सम्बन्धित मालपोत कार्यालयमा कोषको नाममा दृष्टिबन्धक धितो रजिष्ट्रेशन पास गरी रोक्का राख्ने प्रयोजनको लागि अनुसूची-११ बमोजिमको दृष्टिबन्धक लिखत र अनुसूची-१२ बमोजिमको रोक्का पत्र तयार गर्नु पर्नेछ।

(२) सञ्चयकर्ताले जग्गा/घरजग्गा खरिद गर्न सापटी माग गरेको अवस्थामा उक्त जग्गा/घरजग्गा निवेदक वा पति/पत्नीको नाममा कायम भएपछि मात्र कोषको नाममा दृष्टिबन्धक धितो रजिष्ट्रेशन पास गर्नु पर्नेछ।

(३) अनुसूची-११ अनुरुपको दृष्टिबन्धक लिखत तयार गर्ने सिलसिलामा सञ्चयकर्ताले देहायका सक्कल कागजातहरु कोषमा पेश गर्नु पर्नेछ :

(क) निवेदक र जग्गा धनीको नागरिकता,

(ख) जग्गाधनी दर्ता प्रमाण पूर्जा,

(ग) चालु आर्थिक वर्षको सम्पत्ति कर तिरेको रसिद,

(घ) निवेदकको सञ्चयकोष परिचय पत्र,

(ङ) मालपोत कार्यालयबाट माग भएका अन्य आवश्यक कागजातहरु।

(४) कोषको नाममा दृष्टिबन्धक धितो रजिष्ट्रेशन पारित गरी रोक्का धितो रोक्का राख्नको लागि अनुसूची–११ बमोजिमको दृष्टिबन्धक लिखत र अनुसूची–१२ बमोजिमको रोक्का पत्र सहित सापटी माग गर्ने सञ्चयकर्ता, जग्गाधनी र कोषको प्रतिनिधि सम्बन्धित मालपोत कार्यालयमा उपस्थित हुनु पर्नेछ।

(५) मालपोत कार्यालयबाट दृष्टिबन्धक धितो रजिष्ट्रेशन पारित भएपछि कोषको नाममा धितो रोक्का रहेको पत्र लिनु पर्नेछ र उक्त लिखतको पछाडी धितो पारित भई रोक्का रहेको ब्यहोरा खुलाई कोषको प्रतिनिधिले प्रमाणित गर्नु पर्नेछ।

(६) धितो रोक्का सम्बन्धी कार्य नेपाल सरकारको सम्बन्धित निकायसँगको समन्वयमा अनलाईन प्रणाली मार्फत समेत गर्न सकिनेछ।

२७. सम्झौता गर्ने :

विनियम २६ बमोजिम धितोको दृष्टिबन्धक रजिष्ट्रेशन पारित भई कोषको नाममा धितो रोक्का भएपछि कोष र निवेदक बीच अनुसूची–१३ बमोजिमको ढाँचामा सम्झौता गर्नु पर्नेछ।

२८.जमानत तथा मञ्जुरीनामा लिने :

(१) सापटी प्रवाह गर्नु पूर्व निवेदक र पती/पत्नीबाट अनुसूची–४ बमोजिमको ढाँचामा रितपूर्वकको व्यक्तिगत जमानत लिखत गराई लिनु पर्नेछ।

(२) निवेदकको एका सगोलको बालिक छोरा र अविवाहिता छोरी रहेको अवस्थामा निवेदकले कोषमा धितो राखी सापटी लिने विषयमा अनुसूची–१४ बमोजिमको ढाँचामा रितपूर्वकको मञ्जुरीनामा लिखत गराई लिनु पर्नेछ। निवेदकका छोरा/छोरी देश बाहिर रहेको अवस्थामा विद्युतीय माध्यमबाट प्राप्त मञ्जुरीनामा लिखत निवेदक स्वयम्ले प्रमाणित गरी पेश गर्न सक्नेछ।

---

[१] दोस्रो संशोधनद्वारा थप।

[२] सातौं संशोधनद्वारा थप।

परिच्छेद – छ

सापटी प्रवाह सम्बन्धी व्यवस्था

२९. सापटी प्रवाह प्रक्रिया :

(१) कोषबाट सञ्चयकर्तालाई विनियम ६ को उपविनियम (१) को सीमाको अधिनमा रही प्रदान गरिने विशेष सापटी प्रवाह प्रक्रिया देहाय बमोजिम हुनेछः

(क) विनियम २२ को उपविनियम (१) बमोजिम सापटी स्वीकृत भएको हुनु पर्नेछ।

(ख) साबिकमा बिशेष सापटी लिएका सञ्चयकर्तालाई [१]छ महिना पुरा भएपछि वा विशेष सापटी चुक्ता भएपछि पुनः सापटी प्रदान गर्न सकिनेछ।

(ग) सञ्चयकर्तालाई अनलाईन मार्फत समेत विशेष सापटी प्रदान गर्न सकिनेछ। यसरी अनलाईन मार्फत सापटी प्रदान गर्दाका शर्त तथा अवस्थाहरू अनुसूची–१५ मा भएको व्यवस्था बमोजिम हुनेछ।

(घ) सञ्चयकर्तालाई अनलाईन मार्फत विशेष सापटी प्रदान गर्दा अपनाउनु पर्ने प्रक्रिया देहाय बमोजिम हुनेछ :

(अ) सञ्चयकर्ताले व्यक्तिगत लगईन विवरण प्रयोग गरी कोषको सूचना प्रणलीमा उपलब्ध अनलाईन सेवा मार्फत विशेष सापटी माग गर्नु पर्ने,

(आ) अनलाईन सेवा मार्फत विशेष सापटी प्रदान गर्दा दोहोरो प्रमाणिकरण (Two Factor Authentication) गर्ने व्यवस्था गर्नु पर्ने,

(इ) अनलाईन सेवा मार्फत विशेष सापटी प्रदान गर्दा अनुसूची–१(क) को ढाँचाको आवेदन फारामको विवरण विद्युतीय माध्यम मार्फत भर्नु पर्नेछ। यसरी सापटी माग गर्दा सापटी फारमको भौतिक प्रति आवश्यक पर्ने छैन। तर सञ्चयकर्ताले सापटी माग गर्दा भरेका विवरण कोषको सूचना प्रणालीमा सुरक्षित राख्नु पर्नेछ।

(ई) अनलाईन सेवा मार्फत विशेष सापटी प्रदान गर्दा सञ्चयकर्ताको कार्यालयले समेत दोहोरो प्रमाणिकरण (Two Factor Authentication) मार्फत सम्बन्धित सञ्चयकर्ताको सापटी फारम अनलाईन प्रमाणित (Verify) गरिदिनु पर्नेछ। सञ्चयकर्ता कार्यालयले पन्ध्र दिनसम्ममा प्रक्रिया अघि नबढाएमा सापटी माग प्रक्रिया स्वतः निष्कृय हुनेछ।

(उ) बिशेष सापटी प्रदान गर्ने सिलसिलामा कोषको प्रणालीमा रहेको सञ्चयकर्ताको व्यक्तिगत विवरणमा उल्लिखित नाम, मोवाईल नम्बर, बैंक खाता लगायतको विवरण यकिन गरी अनलाईन प्रणाली मार्फत सोझै सञ्चयकर्ताको बैंक खातामा भुक्तानी गर्नु पर्नेछ।

(ऊ) सञ्चयकर्ता र कार्यालयले कोषको सूचना प्रणाली मार्फत आवेदन र प्रमाणिकरण गरेको सापटी प्रस्ताव अस्वीकृत भएमा सोको कारण सहित सञ्चयकर्ता र निजको कार्यालयले माग गरेमा जानकारी पाउने व्यवस्था मिलाउनु पर्नेछ।

(ए) अनलाईन सेवा मार्फत विशेष सापटी माग गर्न नसकिने अवस्था सिर्जना भएमा सम्बन्धित शाखा प्रमुखको स्वीकृतिमा सञ्चयकर्ताले अनुसूचि–१(क) बमोजिमको भौतिक फाराम भरी सापटी माग गर्न सक्नेछ।

(ऐ) अनलाईन प्रणाली मार्फत सोझै सञ्चयकर्ताको बैंक खातामा भुक्तानी गर्न नसकिने अवस्था सिर्जना भएमा सोको कारण खुलाई शाखा प्रमुखको स्वीकृतिमा चेक मार्फत भुक्तानी गर्न सकिनेछ।

(२) कोषबाट सञ्चयकर्तालाई प्रदान गरिने विनियम ३ को उपविनियम (१) को (ख) बमोजिमका स्वीकृत सापटी प्रवाह प्रक्रिया देहाय बमोजिम हुनेछः

(क) विनियम २६, २७, २८ र ३४ बमोजिमको प्रक्रिया पुरा भए पश्चात निवेदकको माग अनुसार स्वीकृत सीमाभित्र रही सापटी प्रवाह गर्नु पर्नेछ।

(ख) स्वीकृत सापटीको रकम प्रवाह गर्दा सञ्चयकर्ताको बैंक खातामा सिधै भुक्तानी गर्नु पर्नेछ।

(ग) जग्गा खरिद सापटी र घर सापटी अन्तर्गत घरजग्गा खरिदका लागि प्रदान गरिने सापटी रकम [२]आवश्यक प्रक्रिया पुरा गरी बिक्रेताको बैंक खातामा सिधै भुक्तानी दिईनेछ।

---

[१] सातौँ संशोधनद्वारा संशोधित।

[२] दोस्रो संशोधनद्वारा संशोधित।

(घ) सञ्चयकर्ता (जग्गा खरिदकर्ता) र जग्गा बिक्रेता बीच जग्गा/घर जगाको मूल्य वापतको रकम लेनदेन भईसकेको भनि सम्बन्धित स्थानीय तहको रोहवरमा भएको कागजात सहितको निवेदन सञ्चयकर्ताले कोषमा पेश गरेमा सञ्चयकर्ताको बैंक खातामा सिधै भुक्तानी दिनु पर्नेछ।

(ङ) खरिद गर्ने जग्गा/घर जग्गा एक जना भन्दा बढी[∅]....को स्वामित्वमा रहेको अवस्थामा सम्बन्धित सञ्चयकर्ता साक्षी बसी सम्बन्धित स्थानीय तहको रोहवरमा भएको सहमतीको आधारमा एक जना बिक्रेताको नाममा रकम भुक्तानी गर्न कोषलाई सम्वोधन गरी निवेदन पेश गर्नु पर्नेछ।

(च) सञ्चयकर्ताले जग्गा वा घर खरिद गरे पश्चात् तीन महिना भित्र सापटी माग गरेमा जग्गा खरिद सापटी वा घर सापटी प्रदान गर्न सकिनेछ। साथै, शिक्षण संस्थाको शूल्क लगायतको रकम सम्बन्धित संस्थालाई भुक्तानी गरी तीन महिना भित्र प्रमाण सहित शैक्षिक सापटी माग गरेमा शैक्षिक सापटी प्रदान गर्न सकिनेछ।

(छ) घर निर्माण गर्ने प्रयोजनको लागि प्रदान गरिने घर सापटी, शैक्षिक सापटी र घर मर्मत सापटी बढीमा चार किस्तामा भुक्तानी दिन सकिनेछ।

(ज) घर निर्माण गर्ने प्रयोजनको लागि स्वीकृत घर सापटी सीमाको अधिकतम् पचास प्रतिशत रकम पहिलो किस्ताको रुपमा प्रदान गर्न सकिनेछ। बाँकी रकम कार्य प्रगतिको आधारमा प्रदान गरिनेछ।

(झ) घर निर्माण गर्ने प्रयोजनको लागि घर सापटी स्वकृित गर्दा कम्तिमा ड्याम प्रुफ कोर्स (डी.पी.सी.) लेभलको निर्माण कार्य सम्पन्न भएको हुनु पर्नेछ।

(ञ) यस विनियमावलीमा जुनसुकै कुरा लेखिएको भएता पनि स्वीकृत सापटीको सीमा भित्र रही प्रत्येक पटक प्रदान गरिने सापटीको रकम एक लाख रुपैयाँ भन्दा कम हुने छैन।

(ट) सरल सापटी सञ्चयकर्ताको माग बमोजिम एकमुष्ठ वा पटक पटक गरी प्रदान गरिनेछ। सञ्चयकर्ताले लिएको सापटी तिर्न र स्वीकृत सिमा भित्र रही पुनः सापटी लिन सक्नेछ।

३०. स्वीकृत सापटी माग गर्दा निवेदन दिनु पर्ने :

(१) यस विनियमावली बमोजिम किस्तामा प्रवाह हुने गरी स्वीकृत भएको सापटी भुक्तानीका लागि अनुसूची–१६ बमोजिमको ढाँचामा सञ्चयकर्ताले निवेदन दिनु पर्नेछ।

(२) सञ्चयकर्ताले स्वीकृत सापटीको सीमाभित्र रही थप रकम प्रवाहको लागि उपविनियम (१) बमोजिम निवेदन दिएमा र सञ्चयकर्ताले पालना गर्नु पर्ने सम्पूर्ण शर्त तथा अवस्थाहरु पुरा गरेको देखिएमा धितो मूल्याङ्कनको आधारमा बाँकी रकम उपलब्ध गराउनु पर्नेछ।

[✎]३१. अन्य बैंक वा वित्तीय संस्थाको खराब कर्जा स्वाप नहुने:

बैंक वा वित्तीय संस्थाबाट सञ्चयकर्ताले लिएको कर्जा खराब कर्जामा परिणत भएको अवस्थामा त्यस्तो कर्जालाई स्वाप गरिने छैन। तर अन्य बैंक तथा वित्तीय संस्थाबाट सञ्चयकर्ताले जग्गा तथा घरजग्गाको धितोमा लिएको असल कर्जालाई यस विनियमावलीमा तोकिएका सम्पूर्ण प्रक्रिया पूरा गरी विनियम ३ को उपविनियम (१) को खण्ड (ख) बमोजिमका सापटी प्रवाह गर्न बाधा पर्ने छैन।

३२. सापटी रद्द हुने :

विनियम ३ को उपविनियम (१) को (ख) बमोजिमका स्वीकृत सापटी स्वीकृति मितिले छ महिनाभित्र उपयोग नगरेमा स्वतः रद्द हुनेछ।

३३. सञ्चय कोष कट्टी खाता रोक्का हुने :

(१) यस विनियमावली बमोजिम प्रवाह भएका सापटीको साँवा व्याज चुक्ता नभएसम्म सञ्चयकर्ताको सञ्चय कोष कट्टी खाता रोक्का रहनेछ ।

तर, कोषबाट लिएको सापटी चुक्ता गर्ने प्रयोजनको लागि सञ्चयकर्ताको सञ्चय कोष रकम भुक्तानी दिन सकिनेछ।

[∅] दोस्रो संशोधनबाट हटाइएको।

[✎] दोस्रो संशोधनद्वारा संशोधित।

(२) सञ्चयकर्ताले लिएका विनियम ३ को उपविनियम (१) को (ख) बमोजिमका सापटीको साँवा व्याज चुक्ता गर्ने प्रयोजनको लागि वा उक्त सापटीको अघिल्लो त्रैमास सम्मको व्याज नियमित रहेको अवस्थामा विशेष सापटी प्रवाह गर्न सकिने छ ।

परिच्छेद – सात
बीमा तथा व्याज, शूल्क सम्बन्धी व्यवस्था

३४. बीमा गर्नु पर्ने :

(१) निर्माण हुने घरको हकमा घर ढलान भए पछि र घर जग्गाको हकमा सापटी स्वीकृत पश्चात सूचीकृत बीमा कम्पनीबाट घरको बीमा गर्नु पर्नेछ । सापटी चुक्ता नहुदाँसम्म प्रत्येक वर्ष बीमा नविकरण गरी बीमा विवरण कोषसमक्ष पेश गर्नु पर्नेछ । यसरी बीमा बापत लाग्ने सम्पूर्ण खर्च सम्बन्धित सञ्चयकर्ता स्वयंले नै व्यहोर्नु पर्नेछ ।

(२) बीमा गराउदा धितोमा रहने घरको खुद मूल्याङ्कन रकममा नघट्ने गरी सापटी पूर्णरुपमा चुक्ता नहुदासम्मको अवधिको लागि बीमा गराउनु पर्नेछ ।

(३) उपविनियम (१) बमोजिम सञ्चयकर्ताले बीमा पोलिसिको अवधि व्यतित हुन पन्ध्र दिन अगावै बीमा नविकरण गरेको विवरण कोषमा पेश नगरेको अवस्थामा कोष आफैले बीमा नवीकरण गरी लागेको शुल्क सम्बन्धित सञ्चयकर्ताको सापटी खातामा "बीमा खर्च" शीर्षकमा खर्च लेखि बीमा कम्पनीलाई भुक्तानी दिनेछ ।

(४) कोषले नै बीमा नविकरण गरेको अवस्थामा बीमा वापतको रकम सञ्चयकर्ताले सापटी सरह बुझाउनु पर्नेछ । सञ्चयकर्ताको धितो नविकरण गरेबापतको बीमा शूल्क सञ्चयकर्ताले कोषमा जम्मा नगरे सम्म कोषले बुझाएको रकममा सापटीमा तोके बमोजिमको दरले व्याज लाग्नेछ ।

३५. सापटीको व्याज :

(१) यस विनियमावली बमोजिम प्रवाह भएको सापटीको व्याजदर सञ्चालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) उपविनियम (१) बमोजिमको व्याजदर सञ्चालक समितिले आवश्यकता अनुसार पुनरावलोकन गर्न सक्नेछ ।

३६. सापटी व्यवस्थापन शूल्क :

विनियम ३ को उपविनियम (१) को खण्ड (ख) बमोजिमका सापटीको लागि सापटी स्वीकृत भैसकेपछि कोषले स्वीकृत कर्जाको एक प्रतिशत वा दश हजार रुपैयाँ मध्ये जुन रकम घटी हुन्छ सो रकम सेवा शुल्क वापत कट्टा गरी कर्जा प्रवाह गर्नेछ ।

३७. धितो मूल्याङ्कन शूल्क :

(१) धितोको मूल्याङ्कन बापत मूल्याङ्कनकर्ताले पाउने शूल्क देहाय बमोजिम हुनेछः

(क) पहिलो पटकको मूल्याङ्कन प्रतिवेदनको लागि पाँच हजार रुपैयाँ (मूल्य अभिबृद्धि कर बाहेक) र त्यस पछिको घर निर्माणको कार्य प्रगतिको आधारमा थप सापटी प्रवाह गर्ने प्रयोजनको लागि प्रत्येक पटकको मूल्याङ्कन प्रतिवेदन वापत दुई हजार रुपैयाँ (मूल्य अभिबृद्धि कर बाहेक) मात्र ।

(ख) काठमाण्डौं उपत्यका (काठमाण्डौं, ललितपुर र भक्तपुर जिल्ला) र कोषको कार्यालय रहेको जिल्ला बाहेक अन्य जिल्लामा गई धितोको मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्दा थप एक हजार रुपैयाँ मात्र ।

(२) यस विनियम बमोजिमको धितो मूल्याङ्कन वापतको शूल्क सम्बन्धित सञ्चयकर्ताले धितो मूल्याङ्कनकर्तालाई भुक्तानी गर्नु पर्नेछ । मूल्याङ्कनकर्ताले अनिवार्य रुपमा मूल्य अभिबृद्धि कर वीजक दिनु पर्नेछ र सोको प्रतिलिपि कोषलाई समेत उपलब्ध गराउनु पर्नेछ ।

(३) मूल्याङ्कनकर्ताले यस विनियम बमोजिमको मूल्याङ्कन शूल्क बाहेक अन्य कुनै शूल्क, नगद वा जिन्सी लिन पाउने छैन ।

३८. धितो रोक्का, फुकुवा तथा रजिष्ट्रेशन शूल्क:

मालपोत कार्यालयमा दृष्टिबन्धक धितो रजिष्ट्रेशन पारित गर्दा वा रोक्का गर्दा र धितो फुकुवा गर्दा कुनै शूल्क बुझाउनु पर्ने भएमा उक्त रकम सञ्चयकर्ता स्वयंले ब्यहोर्नु पर्नेछ ।

परिच्छेद – आठ

सापटी तथा व्याज लेखाङ्कन सम्बन्धी व्यवस्था

३९. लेखाङ्कन :

यस विनियमावली बमोजिम सञ्चयकर्तालाई प्रदान गरिएका सापटी, सापटीको व्याज, बीमा तथा शूल्कहरुको लेखाङ्कन कोषको प्रचलित लेखा नीति बमोजिम गरिनेछ।

४०. व्याजको गणना :

(१) जग्गा/घरजग्गाको धितोमा आधारित सापटीको व्याज रकम सञ्चयकर्ताले कोषमा जम्मा गर्ने प्रयोजनको लागि प्रत्येक तीन/तीन महिना (असोज, पौष, चैत र आषाढ मसान्त) मा नेपाली क्यालेण्डर अनुसार गणना गरिनेछ र व्याजको बार्षिक हिसाव आर्थिक बर्षको अन्त्यमा गरिनेछ।

(२) व्याज गणना गर्दा सापटी प्रदान गरेको दिन देखि सापटी चुक्ता हुने दिनको अघिल्लो दिनसम्म दिन गन्तिको आधारमा गरिनेछ।

(३) सञ्चयकर्ताले आर्थिक वर्षको अन्त्यसम्ममा विशेष सापटीको व्याज कोषको खातामा जम्मा नगरेमा व्याज रकम समेत सापटी रकममा पूँजीकरण गरिनेछ।

❖साथै, विनियम ४२ को उपविनियम (१) बमोजिम ग्रेस अवधि भएका सापटीको ब्याज सञ्चयकर्ताले चुक्ता नगरेमा त्यस्तो ब्याज रकम आर्थिक वर्षको अन्त्यमा सम्बन्धित सापटी खातामा पूँजीकरण गरिनेछ।

(४) घरजग्गाको धितोमा आधारित सापटीको ग्रेस अवधिपछि व्याज चुक्ता नगरेमा उक्त रकम "सञ्चयकर्ता सापटीमा व्याज" शीर्षकमा खर्च लेखी "असुल गर्नुपर्ने व्याज आम्दानी" शीर्षकमा जम्मा गर्नु पर्नेछ।

(५) "सञ्चयकर्ता सापटीमा व्याज" शीर्षकमा जम्मा भएको व्याज रकममा समेत सापटी सरह व्याज गणना गरिनेछ।

परिच्छेद – नौ

सापटी चुक्ता, असुली तथा धितो फुकुवा सम्बन्धी व्यवस्था

४१. सापटीको किस्ता निर्धारण र सापटी चुक्ता :

(१) यस विनियमावली बमोजिम प्रवाह भएका सापटीको किस्ता निर्धारण र साँवा फिर्ता भुक्तानी सम्बन्धी ब्यवस्था "सञ्चयकर्ता कर्जा असुली विनियम, २०७९" मा व्यवस्था भए बमोजिम हुनेछ।

(२) सञ्चयकर्तालाई यस विनियमावली बमोजिम प्रवाह भएका सापटी, सोको व्याज, बीमा तथा अन्य शुल्क चुक्ता गर्ने प्रक्रिया देहाय बमोजिम हुनेछः

(क) कोषको बैंक खातामा जुनसुकै समयमा रकम जम्मा गरी सापटी चुक्ता गर्न सक्नेछ।

(ख) कोषले तोकेको बैक खातामा विद्युतीय माध्यमबाट रकम जम्मा गरी सापटी चुक्ता गर्न सक्नेछ।

(ग) जग्गा/घर जग्गाको धितोमा लिएको सापटीको नियमित नभएको व्याज तथा साँवा रकम विशेष सापटीबाट समायोजन गर्न सक्नेछ।

(घ) जग्गाा/घर जग्गाको धितोमा लिएको सापटीको नियमित नभएको व्याज तथा साँवा रकम कोष रकम भुक्तानीबाट समायोजन गर्न सक्नेछ।

(ङ) विशेष सापटी चुक्ता गर्ने प्रयोजनका लागि सम्बन्धित कार्यालय मार्फत मासिक तलबबाट कट्टा गरी सो रकम कोषले तोकेको बैंक खातामा जम्मा गर्न सक्नेछ।

(३) सञ्चयकर्ताले सापटी चुक्ता गर्ने प्रयोजनको लागि कोषले तोकेको बैंक खातामा जम्मा गरेको रकमको भौचर वा अन्य प्रमाण कोषमा पेश गर्नु पर्नेछ।

४२. ग्रेस अवधि तथा साँवा चुक्ता गर्ने अवधिः

⌘१) सञ्चयकर्तालाई प्रदान गरिने घर सापटी तथा शैक्षिक सापटीको ग्रेस अवधि कर्जा प्रवाह भएको त्रैमासदेखि गणना हुनेगरि बढिमा नौ त्रैमासको अन्त्यसम्म हुनेछ।

तर, जग्गा खरिद, घर मर्मत तथा सरल सापटीको लागि साँवा/व्याज चुक्ता गर्ने ग्रेस अवधि हुने छैन।

❖ दोस्रो संशोधनद्वारा थप।

⌘ दोस्रो संशोधनद्वारा संशोधित।

(२) विनियम ३ को उपविनियम (१) को (ख) बमोजिम प्रदान गरेका सापटीको साँवा चुक्ता गर्ने अवधि देहाय बमोजिमको हुनेछः

